།།ཏ་མང་ ཏམ་ཡིག་ལ་ རྫོང་རྒྱུད་ གོ་རྒྱུད

तामाङ तामयीग लिपिको वंश अनि इतिहास

ཀ ཁ ག ང ཅ ཆ ཇ ཉ ཏ ཐ ད ན པ ཕ བ མ

क ख ग ङ च छ ज ञ त थ द न प फ ब म

ཙ ཚ ཛ ཝ ཞ ཟ འ ཡ ར ལ ཤ ས

च़ छ़ ज़ व श़ स़ ऋ य र ल श ह ।

(एक लघु अध्ययन)

अजितमान तामाङ

१.तामाङ भाषाको स्थिती संक्षिप्त :-

निरंकुश राजतन्त्रात्मक पञ्चायती व्यवस्थाको प्रजातान्त्रीक जनआन्दोलन २०४६ ले अन्त पारेपछि राजतन्त्रात्मक बहुदलीय व्यवस्थाको स्थापनासंगै निर्माण भएको नेपालको संविधान-२०४७ ले मातृभाषालाई राष्ट्रिय भाषाको दर्जा दिएपछि मात्र आधुनिक रुपमा तामाङ भाषाले स्वयं तामाङहरुकै सकृयतामा विकास हुने अवसरहरु पाएका छन् । **तामाङभाषाले** पनि 'तामयीग' तामाङ-लिपिमा र नागरी लिपिमा पत्रपत्रिकाको अलावा, कविता, कथा, उखान टुक्का, गाउँखानेकथा संग्रह, सानो-सानो शब्द संग्रह तथा तामाङ् शब्दकोश, इतिहास, आनौपचाारिक शिक्षाका पाठ्यपुस्तक, स्कूलले कक्षा तीनसम्मका पाठ्यपुस्तक आदि साहित्यिक प्रकाशन तथा भाषिक चलखेल गर्ने अवसर पाएकोछ । मातृभाषिक कृया-कलापलाई नेपाल मा २०४६ साल पूर्व आपराधिक कृयाकलाप सरह नै बन्देज लगाएको थियो, जसले गर्दा नेपाल बोलिने मातृभाषाहरुले मानक लेखन, वैज्ञाऩिक व्याकरण तथा साहित्य सृजनाको पर्याप्त विकास गर्ने अवसर पाएका थिएन । एक खाले कठिन परिस्थितीका बावाजुत पनि तामाङभाषाले आफूलाई आजसम्म जिवीत भाषाको रुपमा अस्तित्व कायम गर्न सकेको छ । तामाङभाषाको स्थितीलाई निम्नानुसार अध्ययन गर्न सकिन्छ ।

१.१.तामाङभाषा:

मानव जातीले एक आपसमा आफ्नो विचार विनिमय गर्दा जुन ध्वनी वा आवाजलाई उपयोग गर्दछ, जसलाई हाम्रो कानले सुन्न सक्दछ, त्यसलाई भाषा(ग्योंत) भनिन्छ । हामी तामाङहरुले आफ्नो जाति या आफ्नो समाज (=ह्युल्बा) भित्र आपसमा आफ्नो भाव वा विचारको आदान प्रदान गर्न प्रयोग गरिने मानवबोली वा ध्वनि नै "तामाङ ग्योत/क्योत/ग्योअी"(=तामाङभाषा) हो । यसलाई "तामाङताम्, तामाङकाअी वा तामाङकेअी" वा 'तामाङ खाताम वा खाछ्योअी' खाताम पनि भनिन्छ ।

यही मौलिक तामाङभाषा नै तामाङ जातिको मुख्य पहिचानको आधार हो । तामाङ जाति र भाषालाई बुझाउन लेखक तथा अन्वेषकहरुले 'मुर्मी', 'इसाङ', 'सेंन', 'लामा', 'ग्लेभोटे(=घलेभोटे'), 'लामा भोटे', 'भोटे', 'भोटीया', 'लोपा', 'कागते', 'ग्युबा', 'योल्मा', 'काइकेंअी'(=काइके) 'स्यार्पा', आदि नामको प्रयोग गर्ने गरेको भेटिन्छ । विशेषगरी भारपेली भाषा बोल्नेहरुले लेख्दा र भन्दा, नेपालमा तामाङ् जाति र तामाङभाषीहरुलाई 'बोद (=भोट निवासी वा भाषी) वा भुटीया भनेर भन्ने तथा उल्लेख गरिएको पाईन्छ, त्यसैगरी नेपाल सरकारको पुराना इस्तिहार, लालमोहर, सनदपत्र आदि मा पनि लिखित सामाग्रीहरुमा तामाङभाषी वा तामाङ जातिलाई 'लामा', 'लामाभोटे', 'भोटे', 'भुटीया' भनेर उल्लेख गरेको पाइन्छ ।[1]

---

[1], -होफर -सन १९३० अघि तामाङलाई मुर्मी, लामा, भोट्या, भोटे ..।

१.२. तामाङभाषाको उत्पत्ति, प्राचीनता :

तामाङ जातिलाई मानवशास्त्री तथा समाजशास्त्रीहरुले नेपालको एक पुरानो आदिवासी/जनजातिको रुपमा परिभाषित गरेको पाईन्छ । भाषावैज्ञानिकहरुका अनुसार नेपालमा बोलिने हिमालीभाषाहरु मध्ये तामाङ एक पुरानो भाषा हो । विज्ञहरु तामाङ जाति र भाषाको जन्म थलो चीनको तिब्बतस्थित 'यार्लुङ' नदी आसपासका सभ्यतामा विकास भएको हिमालय क्षेत्रलाई मान्दछन् ,जहाँ दर्जनौ बोद वा बोदीकभाषाहरुको जन्म तथा विकास भएका थियो । भाषाविज्ञानको ऐतिहासिक अध्ययनको आधारमा तामाङभाषा तिब्बती भन्दा पनि पुरानो भाषा भन्न सकिन्छ । उदाहरणको लागि (रुअीछ्रेन च्योप्गे, जीक्तेन तामछ्योअी, कुक्पा खाछ्योअी आदि तामाङभाषाको पुरानो लिखित सामाग्रीहरुमा) · བོད། ཕྲེང། ཀྲ། གྲམ་པ(=*बोद फ्रेङ, क्रा, ग्राम्बा*) आदि तामाङ् शब्दहरुको ऐतिहासिक तुलनात्मक पुन:संरचनाको अध्ययन गरेमा ती शब्दहरु तिब्बती भाषामा क्रमस: *'बोद'* बाट **बोअी**, *'फ्रेङ'* बाट **ठेङ**, *'क्रा'* बाट **टा**, *'ग्रम्बा'* बाट **डाम्बा** मा विकास अथवा ध्वनिमा परिवर्तन भएको छ तर तामाङभाषामा अहिले पनि लेख्य र ध्वनिरुप पुरानै मौलिक (Proto-form) **बोद, फ्रेङ, क्रा, ग्राम्बा....आदि** नै छ, किनभने भाषाको लिखित रुप हत्तपत्ति परिवर्तन नहुने भएकाले त्यस्ता थुप्रै शब्दहरुको लेख्य रुप र ध्वनि (उच्चारण) रुप तामाङ भाषामा जस्ताको त्यस्तै छ । खोजी गरेमा लिखित तामाङ साहित्यमा यस्ता मौलिक तथा पुराना तामाङ् शब्दहरु प्रसस्तै पाईन्छन् ।

यस तथ्यले तिब्बती-भाषा भन्दा तामाङभाषा निकै पुराना हो भन्ने देखिन आउँछ । यस्ता उदाहरणहरु अरुभाषामा पनि पाइन्छन् जस्तै अंग्रेजी भाषाको NIGHT शब्द संस्कृत भाषाको 'निक्त'वाट बनेको हो । 'निक्त' शब्द अंग्रजीमा (NIGHT'नीग्ह्त') 'नाइट' हो, तसर्थ अंग्रेजी 'नाइट' को पुरानो रुप संस्कृत भाषाको 'निक्त' हो । तसर्थ अंग्रेजी भन्दा संस्कृतभाषा पुरानो मानिन्छ ।

तामाङ् भाषाका याम्बु (काठमाण्डौ उपत्यकालाई बुझाउने शब्द), याम्बुक्रोमा, पाराचो, गु(चागु), बुं आदि शब्द नरेन्द्रदेव समयमा रयाम्बु शब्दको प्रयोग इ.शा.को दोश्रो शताब्दी[2] देखि सन १०१०,-१७ औं शताब्दीसम्म पनि काठमाण्डौ भित्रका शिलालेखहरुमा प्रसस्तै उल्लेख भएको भेटिन्छ । त्यस्तै, 'बाह्र तामाङ' र 'अट्ठार जात' तामाङको वर्णन, 'जीग्तेनताम छ्योअी' संसार र तामाङ् जातिका कुरा आदि 'अुचेनतामयीग'[3] लिपिमा लेखिएको स-साना पुस्तीकाहरु विभिन्न तामाङ गाँउहरु, पूर्व एक नम्बर र पश्चिम एक नम्बर, दुवै तिर भेटिएको छ र यी ग्रन्थहरुमा

वुडताङ डक, जगतवहादुर तामाङ एण्ड फेमली(-१९९४

[2] प्रथम तिव्वती राजा ङ्याखारी छेन्पो अर्थात नाठ्री जाङपोको दरवार 'याम्वु लाखाङ' तिव्वत ।

[3] तामाङ्जातिको वारेमा लेखिएको जीक्तेन तामछयोअी जस्ता, तामाङ्भाषाकृत अुचेन लिपि

उल्लेख गरिएका तामाङ् जातिको सूचानाहरु १७ औं शताब्दीको अन्त र १८ र १९ औंशताब्दीको तिरका कक्प्यट्रिक, हडसन्, म्याक्डोनाल्ड लगायत थुप्रै लेखकहरुले समेत उल्लेख गरेका हुनाले कम्तिमा पनि त्यो भन्दा पहिले नै उपरोक्त तामाङ्भाषाका ग्रन्थहरु अुचेन तामयीगमा लेखि सकेको र तामाङ् ताम्बाहरुले नै उनीहरुलाई भनेको अथवा अरुलाई भनेको हुनु पर्दछ । अझ त्यो लेखन शैलीलाई हेर्दा, सातौ शताब्दीमा अुचेन लिपिको विकास, व्यापक प्रचार भएकै बेलाको देखिन आउँछ । जुन बेला अहिलेको तामाङ्भाषा र थकाली(तामाङ) भाषाको बीचको जस्तो सम्बन्ध तत्कालिन तिब्बती र तामाङ्भाषाको थियो[4] ।

तामाङ्भाषाको तिब्बती प्रभावको सम्बन्धमा सरल विश्लेषण यसरी गर्न सकिन्छ, तामाङ्भाषाबाट विभिन्न हाँगा छुट्टिएर विभिन्न भाषाको विकास भइ संकुचन भएको अवस्थामा पनि अझै हिमाली क्षेत्रको भाषाहरु मध्ये सबैभन्दा धेरै वक्ता संख्या भएको भाषासमूहको रुपमा अस्तित्व रहेको छ,[5] र तिब्बती भाषाको आदि रुप(Proto-form) नै पनि तामाङभाषामा सुरक्षित पाइएकोछ, त्यसकारण तत्कालिन समयमा पनि बहुसंख्याले बोल्ने भाषा भएकोले तामाङ्भाषाको प्रभाव हिमाली धार्मिक साहित्यमा पर्नु वा रहनुलाई कुनै अनौठो मान्नु पर्ने स्थिती छैन । हिमाली बौद्ध धर्मका कंग्युर, तेन्युर लगायत सम्पूर्ण ग्रन्थहरुमा तामाङ्भाषाका शव्दहरु प्रचुरमात्रामा पाईनुका मुख्यकारण पनि यहि हो । यी तथ्यहरुले तामाङभाषाको विकास, प्राचीनता र ऐतिहासिकता बारे खोजविन गर्नेहरुलाई दैलो खोलिदिएकाछन् ।


१.३. तामाङभाषाको परिवार वर्गिकरण :

तामाङ भाषाको विदेशीहरुले सन् १८१९ देखिनै अध्ययन अनुसन्धान गरि आएको देखिन्छ । भाषा वैज्ञानिकहरुले तामाङहरुको तामाङ भाषालाई **चिनिया एकाक्षरी परिवार** भित्रका तीन भाषा परिवार मध्ये **भोटबर्मेली शाखा** भित्रको **भोट हिमाली परिवार** अन्तरगत ग्रीयर्सन १९०२-ले हिमाली परिवारको असर्वनामिक समूहमा र 'शेफर-१९६६- र ग्लोभर-१९७०-ले बोदीक विभागको बोदीस शाखा अर्न्तगत गुरुङ हाँगामा वर्गिकरण गरिएको थियो । हाल सालै तामाङ्भाषालाई **भोट हिमाली परिवार** अन्तर्गत **तामाङगीक** परिवार भित्रको भाषाको रुपमा वर्गिकरण गरेका छन् (Michael Noonan 2004:25, तालिका/चित्र नं.८ हेर्नुहोस्) यो वर्गिकरणले तामाङ्भाषाको विस्तृत रुपमा यथार्थ र सुक्ष्म अध्ययन गरेमा नेपालका हिमाली भाषाहरुको मुल प्रमुख भाषाको रुपमा स्थापित हुनसक्ने सम्भाव्यताको ढोका खोलि दिएको छ । किनभने बोदीकसम्मका मुल रुप(proto-form) तामाङ्भाषामा भेटिन्छ र तामाङ्भाषाको तानीय् चरित्रको

---

[4] हेर्नुहोस् तिव्वतीभाषाको आदरवाचि शव्दहरु Charles A. Bell, Manual of Colloquial Tibetan - 1905:110-

[5] वर्तमान तिव्वतको जनसंख्याको तुलनामा तामाङ जातिभाषिको संख्या वढता छ । र तामाङ् जातिको गान्वा ताम्वाको तामाङ् भूक्षेत्रको, राज्य र राजाहरुको वर्णनले पनि यो हिंमाली क्षेत्रमा तामाङहरुको वहुल प्रभावका वारेमा पुष्टि गर्दछ ।



अध्ययनले बोद र बोदीक भन्दा अघि चिनीया निकट दर्शाउँछ र नेपाल उत्पत्ति कयौं भाषाहरुको जननी हुने सौभाग्य (तामाङ्गीक) तामाङ्भाषाले पाएको छ ।

१.४. तामाङभाषाको क्षेत्र र जनसंख्या :

तामाङभाषा नेपालमा बोलिने टिबेटो बर्मन भाषाहरु मध्ये सबैभन्दा धेरैवक्ता भएको जीवित भाषा हो । २०४८ सालको जनगणनाले तामाङभाषिको संख्या ९०४, ४५६ अर्थात ४.९ प्रतिशत देखाइएको छ भने सन २००१ को जनगणनाको तथ्यांक अनुसार ११ लाख ७९ हजार १ सय ४५ जना तामाङभाषा बोल्नेहरुको संख्या सर्वजानिक गरेको । यो तथ्याङ्क अनुसार जनसंख्याको ९२ प्रतिशतले तामाङभाषा बोली रहेको देखाएको छ । तामाङभाषा कूल जनसंख्या ५.९० प्रतिशत जनताको भाषा भएको छ, अर्थात नेपालमा बोलिने नेपाली भाषाहरु मध्येमा चौंथो ठूलो नेपाल उत्पत्तिभाषा, आदिवासी/जनजाति भाषामध्य प्रथम महत्वपूर्ण नेपालीभाषाको स्थानमा तामाङभाषा दरिएकोछ । (CBS, HMGN Report 2001) । यो तथ्यांकमा विगत वर्षहरुको तुलनामा तामाङभाषीहरुको संख्यामा थोरै बृद्धि भएको देखिन्छ ।

नेपालको गोर्खा, लमजुङ, धादिङ, नुवाकोट, रसुवा, ललितपुर, भक्तपुर, काठमाण्डौ, काभ्रे, सिन्धुपाल्चोक, सिन्धुली, रामेछाप, दोलखा आदि जिल्लाहरुमा तामाङ भाषा बाहेक अरु भाषा फुट्टी नजान्ने तामाङहरु अझै पाईन्छन् । नेपालको सुदुर पश्चिमाञ्चलको डडेलधुरा, सुर्खेत, कैलाली, कन्चनपुर, लगायत बर्दिया, बाँके, हुम्लामा हुम्ली तामाङ, पश्चिमाञ्चलको नवलपरासी, भैरहवा, कास्की, स्याङजा, तनहुँ, गोर्खा, लमजुङ, मध्यमाञ्चल र पूर्वाञ्चलको सबै जिल्लामा तामाङ्भाषी तामाङ्हरु धेरैथोरै संख्यामा भेटिएका छन् । भने भारतको दार्जिलिङ, सिक्किम, अरुनाचल, असम, मेघालय आदि र भुटान, म्यान्मार आदि देशहरुमा लाखौं

तामाङ्भाषीहरु रहेका छन् र त्यहाँका तामाङहरुमा पनि 'तामयीगअुचेन' लिपिसंग राम्रै परिचित रहेको पाइन्छ ।[6]

१.५. तामाङभाषाको प्रयोग:

तामाङभाषा, नेपालको छापा तथा विद्युतीय संन्चार माध्याममा सर्वाधिक *(-नौ वटा एफएम रेडियो प्रशारण केन्द्रहरुबाट दैनिक, अर्धसाप्ताहिक तथा साप्ताहिक कार्यक्रमहरु प्रशारण भइरहेको छ)* प्रयोग भइरहेका मातृभाषाहरु मध्ये खसभाषा (सरकारी कामकाजी) र नेवारी(नेपालभाषा) पछि तामाङभाषा नै हो । यसलनै सिद्ध गर्दछ की तामाङ्भाषाको प्रयोग तामाङ् दैनिक जिवनमा सकृय छ । राज्यबाट, मातृभाषामा शिक्षा सूचनाको हक जस्ता आधारभूत मानवधिकारका अधिकारहरुसम्म पनि प्राप्त छैन् तरपनि आफ्नै बलबुताले अन्य नेपाली आदिवासी जनजाति मातृभाषाहरुसंगको तुलनामा तामाङ्भाषाको विकास अग्रणी नै रहेको छ । नेपालमा मातृभाषाको गीत संगीतको क्षेत्रमा पनि सर्वाधिक बिक्ने गीती क्यासेट तामाङ्भाषाको नै रहेको कुरा बिक्रेता तथा वितरकहरु बताउँछन् । त्यसकारण तामाङभाषा राज्यको संयन्त्र, अवसर तथा यथोचित, सकरात्मक संरक्षण, सहयोगको अभावमा पनि एक्काइशौं शताब्दीको सूचना प्रविधिसंगै आफूलाई जिउँदो जाग्दो रुपमा प्रस्तुत गर्न सक्षम भइ आएको छ ।


१.६. तामाङभाषाको लेखन आरम्भ :

प्राचीन तामाङ गाउँहरुमा अझै कानी, माने(स्तुपा), अनि हिंडनेबाटोहरुमा ताङहरुले अुचेन लिपिमा धर्मका विभिन्न मन्त्र तथा प्राणी कल्याणका श्लोकहरु ढुंगामा कुंदेर राखेको पाईन्छ, तर आजभोली भने त्यास्तो निर्माण गर्ने धेरै कममात्र पाईन्छ । यस्ता लिखित कला विशेषगरेर प्राचीन 'अुचेन' र 'ल्हेन्ज्या' लिपिमा कलात्मक रुपमा कुँदिएको पाईन्छ । यस्ते अभिलेख धर्मराज तामाङ, प्रताप बल, लेकबहादुर योन्जन लगायत हामीहरुले धादिङ जिल्लाको 'सेमजोङ' गाउँमा ऐतिहासिक तामाङ अुअीबा/अेबा/वाअीबा राजाको दरबारको भग्नाअवेशष रहेको 'डाप्साङ जो' घना जंगल भित्र पनि फेला परेको थियो । यस्ता अभिलेखहरुको अध्ययनका आधारमा तामयीग तामाङ लिपिको लेखन विकास सम्बन्ध रहेकाले ती लेखन कलामा प्रयो भएका लिपिहरुका बारे निम्नानुसार चर्चा गरिन्छ । नेपालमा बोलिने मातृभाषाहरुमा नेवारी, खस-नेपाली, मैथिल, आदिभाषाहरु मात्र लेखन पद्धति भएका भाषामा गणना गरिएको छ । तामाङभाषालाई लेख्य परम्परा नभएको भाषा भनेर भनिन्छ । तर तामाङभाषामा लेखेको सामाग्री नभएका चाहीं होइन मात्र गहिराइको अध्ययनको अभाव कमी भएको हो। नेपालको प्रचीन इतिहासमा धेरै चर्चा भइ रहने ऐतिहासिक राजा

---

[6] सन २००२को जनवरी तिर भारतको सिक्किम, र असमका तामाङ्भाषा मात्र जान्ने तामाङहरुसंग भेटभएको थियो । अखिल भारतीय तामाङ बौद्ध संघका महासचिव एम एस बमजनका अनुसार भारतमा मात्र १५ लाख भन्दा बढता तामाङहरु बसोबास गर्दछन् आधाभन्दा बढीले अझै तामाङ्भाषा बोलिरहेका छन् । भने नेपालमा पनि स्वयं तामाङहरु बर्तमान जनगणनाले देखाएको भन्दा दोब्बरको संख्या रहेको दावी गर्दछन् ।

अंशुवर्मा र नरेन्द्र देवसम्मका त तामाङ भाषामा लिखित साहित्य भटिएकोछ। अनि प्रचीन तामाङ भुमि तथा विकास केन्द्र याम्बु काठमाण्डौ उपत्यका भित्रका शिलालेख तथा विभिन्न प्राचीन अभिलेखहमा कयौं तामाङभाषाका प्राचीन शब्दहरू लिपिबद्ध भइराखेको प्रशस्त प्रमाणहरु भेटीन्छ। उदाहरणका लागि उपत्यकाका तामाङभाषाका याम्बु, चो, गु, बु, डा आदि शब्दहरु हजार वर्ष भन्दा अगाडी नै याम्बु शब्द इ.पुदोश्रो शताब्दी .(याम्बु ल्हाखाङ, तिब्बत) र सन १०३९ पछिका प्राय सबै काठमाण्डौ भित्रका मल्लकालिन शिलालेखहरुमा अंकित पाइन्छ, त्यस्तै नरेन्द्रदेव कालको काभ्रेपलान्चोक भगवती अवस्थित स्थानको प्राचीन नाम 'पाराचो', 'फुल्चो', 'जामाचो', 'सागु'(=साखु), भक्तपुरको 'चागु'(चांगुनारायण) आदि तथा १८ औं शताब्दीको 'चोमोलुङमा' (=ज्होमोलुङमा/माउण्ट एभरेष्ट) आदि लिखित रुपमा आएको प्राचीन तामाङ



तालिका/चित्र नं. २

भाषाका संज्ञा शब्दहरु हुन। भने सातौ शताब्दी मै अनुवाद भएका धुप्रै बौद्धधर्मका ग्रन्थहरुमा तामाङभाषाका मौलिक शब्दहरु 'अुचेन' लिपिमा लिखित रुपमा सुरक्षित रहेको पाईन्छ। उदाहरणका लागि, टाङ्गा, यीन्पा, फ्याफुल्लो, स्याल, क्रा, मी, न्हाङ्वा, सुङबा, फेब्बा, स्याब, काङपा, नाङ, बाङ, छाङ्मा, दुम्बु, आदि बिशौं शताब्दीमा प्रकाशन भएका तिब्बती परम्परागत शब्दकोशहरुमा पाईन्छ।हेर्नुहोस- -

BELL CHARLES ALFRED: MANUAL OF COLLOQUIAL TIBETAN, SERIES: II, VOL:15. (1902-1978 Edition) ।

यी वाहेक तामाङ जातिको आफ्नो संसाररिक कृयाकर्म, जन्म, चुडा कर्म, विवाह, मरण आदि संस्कार कर्महरु गर्दा जातिको उत्पत्ति कसरी भयो ?, थरहरुको उत्पत्ति कसरी भयो ? ब्रम्हाण्डका तारा, चन्द्र सूर्य आदिको उत्पत्ति कसरी भयो ?, मानव तथा जीवहरुको सृष्टि कसरी भयो ? तथा आफ्ना स्थानीय सीमेभूमे, लालु तेन्सी गर्दाका 'गान्बा-ताम्बा'हरुले मौखि रुपमा भन्ने गरीआएको कथनहरु विभिन्न रुपमा परम्परागत अुचेन लिपिमा तामाङभाषा लेखिएको लिखित सामाग्रीहरु भेटिएका छन् ।[7] यी लेखित सामाग्रीहरु कहिले लेखए भन्ने किटानी नभएता पनि यसको विषय वस्तु, राजनैतिक भूगोलका वर्णन, विभिन्न दिशाहरुको निर्धारण आदिलाई नियाल्दा पनि यसमा ऐतिहासिकता र प्राचीनता झल्किन्छ । भने लिखित रुपमै भेटिएका ग्रन्थहरु पनि नेपालमै देवनागरी, नेवारी लिपिहरु जन्मुनु भन्दा पहिले विकास भइ प्रयोगमा आएका ' प्राचिन अुचेन' लिपिमा लेखिएको हुनाले हाम्रो लेखन आरम्भ वा लखेनकाल सिधै सातौं शताब्दीको अन्त र आठौं शताब्दी नै हो भन्ने ठोकुवा गर्न सकिन्छ । किनभने पृथ्वीनारायण शाहको सामन्ती बलमिचाह एकिकरण, एक भाषा, एकजाति, एक भेषभुषा, नीति।नाम मात्रको चारजात वत्तिस वर्ण उहि हिन्दूधर्म भित्रको संकिर्ण रंगभेद, जाति भेद वर्णाश्रम व्यवस्थाको स्थापना अर्थात हिन्दूकृत प्रकृया (विभिन्न स्थानको मुलायम तथा उर्वरा भूमिहरु आफ्ना भाइ-भारदारहरुलाई विर्ता तथा विभिन्न वहनामा वितरण गर्नु), १०४ वर्षसम्मको निरंकुश जाहानीया राणाशासन, अनि तिस वर्ष पञ्चायती निरंकुश कालरात्री, पछिल्लो एक दशकको ब्राम्हणवादी संकिर्णताले गर्दा त्यो नेपालमै पनि दोश्रो शताब्दी तिरै विकास भइ सकेको हाम्रो लिपि र भाषाले राज्यस्तरमा स्थान पाउन सकेन । जसलेगर्दा हामीलाई ओझेलमा पार्ने काम भयो । नत्र भने नेपालमै बौद्धहरुले तिर्थ स्थल मानी आएको नार्गाजुन, याङलेसी, हलेसी, सींगाल्हा, तेमालका तोङसोम कुण्ड आदि स्थानमा आठौं शताब्दीका गुरु रिम्पोछे(पद्यम् सम्भव)ले नेपाल भ्रमण गरी साधना तथा धर्मदेशना गरेका थिए, तिस्थानहरुमा स्थापित शिलाअभिलेखहरुको कार्वन डेटिङ गरेर अध्ययन गर्नु पर्ने भएको छ । अहिले पनि नेपालमा गुरुरिर्पोछेका निङमा सम्प्रदायका, मुख्य अनुयायी, तामाङहरु नै भएकाले तामाङहरुले सिकेको धार्मिक लेखनकला आठौं शताब्दी मान्न सकिन्छ र यो देवनागरीको भन्दा पुरानो हो किनभने देवनागरीको स्पष्ट प्रयोग एघारौं शताब्दीमा भारतमा भएको हो, नेपालमा भेटिएको देवनागरीको पूर्खा प्राचीन ब्राम्ही भन्नु र नेपालमा भेटिएको पूर्व-लिच्छवि लिपि सातौं शताब्दीको अुचेनसंग खासै तात्वीक भिन्ना पाइन्दैन ।[8] पद्यम् सम्भवकै अनुयायीहरुबाट लेखनकला सिकेर तामाङहरुले

---

[7] हेर्नुहोस्- पेज ८-१३, ताम्बा काथीतेन, २०५५-परशुराम तामाङ

[8] हेर्नुहोस् -पेज १८९-१९४, राही, प्रथम खण्ड
-पेजनं.४४ प्लेट-१५ र १६, पेज नं.: ४० प्लेट नं.७-१०, पेज.७६ प्लेट:७९, राजवंशी

आफ्नो महत्त्वपूर्ण मौखिक रुपमा रहेका माथि उल्लेखित संस्कार, संस्कृतिहरुलाई लेखेका अनुमान लगाउँदा अन्यथा हुने छैन ।

यसरी तामाङभाषाका लेखन प्रकृयाको अध्ययन गर्दा, मुख्य रुपमा दुई काल स्पष्ट छुट्टिन्छ ।

१.६.१. प्राचीन तामाङ लेखन :

भाषा प्रतिको कुनै आग्रह वा पूर्वाग्रबाट नझल्किने ती प्रचीन विभिन्न शिलालेख तथा अभिलेखहरुमा उल्लेखित रहेका लिखित रुप र तामाङ जातिका परम्परागत विद्वान, गान्बा, ताम्बाहरुसंग सम्बन्धित ग्रन्थहरु[९] जो 'अुचेन' लिपिमा लेखिएका छन् लिपि विकासको अध्ययनको आधारमा यो लेखनकाललाई तामाङभाषाको प्राचीन लेखन काल भन्न सकिने थुप्रै आधारहरु छन् । जो माथि छलफल गरि सकेको छ । तामाङहरुको पुरानो गुम्बा, छ्योर्तेन(म्हाने/चैत्य/स्तुपा), स्मारक, कानी, आदिमा रहेको शिलालेख, अभिलेखहरु नेपालका लिच्छविकालका अंशुवर्मा, नरेन्द्रदेवको(तामाङ विद्वान मुक्तसिं तामाङज्युको संकलनमा रहेको "जीक्तेनकी ल्हाछ्योओी म्हीछ्योओी" नामक अप्रकाशित ग्रन्थमा) उल्लेख भएकाले त्यो साहित्य र त्यो साहित्यको पहिलो रचनाको काल मानेमा त्यो अंशुवर्मा काललाई तामाङ भाषाको प्राचीन लेखनकाल मान्न सकिन्छ। तर त्यहि साहित्यको विश्लेषणले अझ त्यो भन्दा पनि पुरानो साहित्य परम्परा हुन सक्छ तामाङ साहित्य र पनि यसलाई मात्र मान्दा पनि तामाङ लेखनकाल सातौं शताब्दीमै आरम्भ भएको मान्न सकिन्छ।

१.६.२. आधुनिक तामाङ लेखन :

राज्यले तामाङभाषामा लेखपढ, पुस्तकादी प्रकाशन गर्न प्रत्यक्ष्य वा अप्रत्यक्ष्य बन्देजलागाईएको एकखालको निरंकुश राजनैतिक चिन्तनको समाप्तपछि भननेपर्दा खासगरी नेपालमा राणा शासनको अन्त भएपछिको तामाङ राष्ट्रियताको पहिचानको खोजीसंगै तामाङभाषाको लेखन कला तथा आजसम्मको अधुनिक विकासलाई 'तामाङ आधुनिक लेखनकाल' भन्न सकिन्छ । यो कालमा अुचेन र देवनागरी लिपिमा लेखिएको जीक्तेन तामछ्योओी, लगायत अन्य ग्रन्थहहरु व्याख्या विश्लेषण तथा पुन लेखन एवं संग्रह प्रकाशन भएका छ । बुद्धिमान मोक्तान देखिका हालसम्मका सम्पूर्ण लेखनलाई आधुनिक लेखन काल भन्न सकिन्छ । आधुनिक लेखन कालमा आएर प्राचीन अुचेन लिपिका आधारमा मौलिक तामाङ लिपि 'तामयीग' को विकास तथा प्रयोग आरम्भ विद्यालयस्तरसम्म भइसकेको छ, भने

---

[९] जीक्तेन तामछ्योओी, दुर्थीछेन च्योग्ये, कुम्पाखाछ्योओी, ठुङ्सा, दोङराप, फेराप आदि

देवनागरीकृत तामयीग लिपिमा समेत तामाङ्भाषाको आधुनिक विकास, विस्तार र संरक्षण को काम आफ्नै गतिमा भइरहेको छ ।

१.७. तामाङ क्षेत्रको लेखन-कला :

१.७.१ अुचेन དབུ་ཅན(५-७ औं शताब्दी) :- अुचेन हिमाली तिब्बती बर्मन भाषा समूहको साझा लिपि हो । यसैबाट विभिन्न कालमा अुमे, ल्हेन्ज्या, फाग्पा, ल्होयीग, जोयीग, तामयीग आदि थुप्रै लिपिहरु विकास भएका छन् । भाषा वैज्ञानीकहरुले चिनीया परिवारका हिमाली क्षेत्रको भाषाहरुको वर्गिकरण बोद, बोदीक, बोदीस, तिब्वती, तिब्वती हिमाली लगायत तामाङगीक आदि मुख्य परिवारहरुमा वर्गिकरण गरेका छन् । यी सम्पूर्ण भाषा परिवारका भाषाहरुको आधुनिक भाषा वैज्ञानीक अध्ययन हुनुपूर्व नै दोश्रो देखि चौथो शताब्दीका उत्तरी ब्राम्ही(भारत) र नेपालमा पूर्व-लिच्छवि अर्थात गुप्त लिपिबाट विकास भएको 'अुचेन' लिपिंमा आफ्नो इतिहास, संस्कार, संस्कृति, उत्पति तथा ब्रम्हाण्ड सृष्ठि गाथाहरु छिटपुट लिपिवद्ध भएका पाइएकाछन् । यो लिपिमा विभिन्न ध्वनीहरुको प्रतिनिधित्व गर्ने तिसवटा

ཀ ཁ ག ང ཅ ཆ ཇ ཉ ཏ ཐ ད ན པ ཕ བ མ
क ख ग ङ च छ ज ञ त थ द न प फ ब म
ཙ ཚ ཛ ཝ ཞ ཟ འ ཡ ར ལ ཤ ས ཧ ཨ
च. छ. ज. व श. स. अ् य र ल श स ह अ
ཨི ཨུ ཨེ ཨོ
अी अु अे ओ

तालिका/चित्र-७

पूर्ण अक्षरहरु रहेका छन् । प्रारम्भिक लेखन प्राचीन 'बोद' लेखन प्रणाली आधारित रहेको देखिन्छ । तसर्थ *अुचेन* लिपिलाई तिब्वती भाषा वाहेकका अन्य हिमाली बोदीक तथा तिब्वती बर्मन परिवार अन्तरगत पर्ने भाषाहरुको साझा लिपिको रुपमा लिन सकिन्छ । 'अु' भन्नाले पनि तिब्वतको विच वा मध्य[10] वा साझा केन्द्र विन्दु भन्ने वुझाउँछ त्यसैले अुचेन लिपि तिब्वती भाषाको मात्र नभएर स्याङस्युङ केथी, ल्होकेथी (सिक्किम) र सीङ्सा भुटिया (नेपाल), लादाखी (भारत), जोङखा (भूटान), तामाङ, मनाङ्ग्ये, शेर्पा, लोमी, गुरुङ, थकाली (नेपाल) आदि भाषाहरुको साझा

---

[10] 'अु तिब्बतको मध्य प्रान्तको नाम थियो ।'पेज ४०१,ई.चन्द्र राहि, लेखनकला का इतिहास, द्वितिय खण्ड १९८३)

धार्मिक सांस्कृतिक परम्परागत (मूल) केन्द्रिय लिपिको रुपमा प्रयोग भइराखेको छ ।(हेर्नुहोस्, चित्र/तालिका नं.२)

१.७.२. संस्कृतकृत उचेन དབུ་ཅན་རྒྱ་གར་ (७औ शताब्दी) : यो पनि हिमाली तिब्बती बौद्ध धर्म समूहको साझा लिपि हो । सम्बोडा लिपि, हिमाली तिब्बती बौद्ध धर्म समूहको साझा लिपि र तिब्बती, भूटानी र सिक्किममा सदीयौं पहिले नै राजकिय मान्यता प्राप्त लिपि हो । महायानी बज्रयानी बौद्ध धर्मका ग्रन्थादी असंख्य साहित्य यो लिपिमा लिपिवद्ध भएका छन् । तसर्थ हिमाली क्षेत्रका वासिन्दाहरु यो लिपिलाई देब अक्षर बा देब वाणीको रुपमा पुज्दछन् । यस लिपिमा संस्कृत भाषामा भएको पुरै लिपि चिन्हहरु रहेका छन् । यो लिपिलाई १२ औ

ཆོས་སྐད་ཡིག་རྒྱ་གར་གསལ་བྱེད་དང་དབྱངས་ཡིག །

ཀ	ཁ	ག	གྷ	ང	ཙ	ཚ	ཛ	ཛྷ	ཉ	ཊ	ཋ	ཌ	ཌྷ	ཎ	ཏ	ཐ	ད	དྷ	ན
क	ख	ग	घ	ङ	च	छ	ज	झ	ञ	ट	ठ	ड	ढ	ण	त	थ	द	ध	न
པ	ཕ	བ	བྷ	མ	ཙ	ཚ	ཛ	ཝ	ཞ	ཟ	འ	ཡ	ར	ལ	ཤ	ཧ	ཥ	ས	ཀྵ
प	फ	ब	भ	म	च.	छ.	ज.	व	श	स.	अ्	य	र	ल	श	ह	ष	स	क्ष
ཏྲ	ཛྙ	ཨ	ཨཱ	ཨི	ཨཱི	ཨུ	ཨཱུ	རྀ	རཱྀ	ལྀ	ལཱྀ	ཨེ	ཨཻ	ཨོ	ཨཽ	ཨཾ	ཨཿ		
त्र	ज्ञ	अ	आ	इ	ई	उ	ऊ	ऋ	ॠ	लृ	लॄ	ए	ऐ	ओ	औ	अं	अः		

तालिका/चित्र-४

शताब्दीमा मात्र पूर्ण बनाइएको थियो, त्यसबेला यसमा छ वटा नयाँ वर्ण र अंकहरु थपगरिएको थियो । *अुचेन* लिपिमा नभएका संस्कृतका (ट ठ ड ढ ण क्षे)लाई अुचेन लिपिका ཏ་ ཐ་ ད་ ན་ ཤ लाई उल्टाएर ཊ་ ཋ་ ཌ་ ཎ་ ཥ ཀྵཿ (ट ठ ड ढ ण क्षे) लगायत अन्य स्वर वर्णहरुको अुचेन लिपिमा सृजना गरिएको थियो । तिब्बती क्षेत्रमा प्रचलनमा रहेको अुचेनलिपिबाट, लगभग सन ६३० मा (सातौं शताब्दी)राजा स्राङचेन गाम्पोको कालमा उनका मन्त्री थुन्मी सम्बोटा र महाबोधिसत्व ज्याम्पेयाङ(मञ्जुश्री)को नेतृत्वमा भारतीय भाषाको अध्ययन गरी भारतीय भाषा (संस्कृत तथा पालीमा) रहेका बौद्धसाहित्य अनुवाद गर्ने उदेश्यले एक टोलीले महिनौंको भारतको अध्ययन भ्रमण पछि संस्कृत वर्णमाला समानान्तर तिब्बतमा प्रचलनमा रहेको अुचेन लिपिको विकास र विस्तार (संस्कृतकरण) गरीएको थियो । उक्त संस्कृतकरणगरिएको[11] लिपिलाई उक्त अध्ययन दलका अगुवा तिब्बती तत्कालिन

---

[11] BELL C.A. Chapter-1

मन्त्री थुन्मीसम्बोटाकै नामसंग जोडिएर *सम्बोटा* लिपि भनिन थालिए (तेन्या र तेन्साङ-१९७६ भि.वि.यु भारत)। थुन्मी सम्बोडाले ब्राम्हीका आधारमा पानाणी संस्कृत व्याकरणको नमुनामा तिस श्लोकमा तिब्बती भाषा र लिपिको व्याकरणको रचना गरेका थिए । त्यसपछि. धमाधम संस्कृतभाषाबाट बौद्ध धर्मका ग्रन्थहरु यो तिब्बती भाषामा यो लिपिमा अनुवाद हुन थाल्यो । .डा. सुभद्रा सुब्बा दाहाल, । *आजको तिब्बत* पृ.१५, -२००४) खास गरेर यो लिपि मुद्रण कार्यमा प्रयोजन हेतु विकास गरिएको कुरा इतिहासमा उल्लेख गरिएको पाईन्छ ।[12] हाल यो लिपि नेपाल, भारत, भुटान, चीन आदि दशेको हिमाली बौद्ध मार्गीहरुको आस्था र देव लिपिको रुपमा प्रख्यात रहेको छन् । आजभन्दा एक दशक अगाडिसम्म यो लिपिलाई कुल्चेमा, फोहरमा फालेमा, जोसुकैले पढेमा पापलाग्छ भन्ने अन्धविश्वास थियो ।

१.७.३. अुमे लिपि དབུ་མེད་ཡིག་:

अुचेन सम्बोडा लिपिंको विकास पछि अु अर्थात मध्य तिब्बतमा स्थानीय तिब्बती बोलीचालीको भाषालाई हातले लेख्न अुमे लिपिको विकास गरिएको हो । यो लिपि अुचेन भन्दा अलि फरक टाउको नभएको र अुचेनमा जस्तो संस्कृत वर्ण बराबरको लिपि पनि छैन । यसमा विशुद्ध तिब्बती भाषामात्र लेखिन्छ । हातले लेख्न सक्ने चिठीपत्र जस्ता दैनिक जीवनमा प्रयोग हुने लेखनकार्यको लागि यो लिपिको तत्कालीन समयमा विकास गरिएकाले हाल सम्म पनि यो लिपिको मुद्रण प्रयोजनमा धेरै कम मात्रामा मात्र प्रयोग भएको पाईन्छ । यो लिपि तिब्बतको मौलिक राष्ट्रिय लिपि हो ।

१.७.४. जोयींग जोङखा लिपि མགྱོགས་ཡིག་

भूटानमा जोङ्खा भाषा लिपिबद्ध गर्न, भाषा वैज्ञानीक डा.जर्ज भ्यान्ड्रीम (हल्याण्ड) लगायतको वैज्ञानीकहरुले १९९० तिर नै *अुचेन* लिपिबाट जोङखा भाषाको ध्वनीलाई प्रतिनीधित्व गर्ने संकेत चिन्हहरुलाई समेटेर मौलिक भूटानी लिपि *जोयींग* |མགྱོགས་ཡིག་| र *जोछुमयींग* |མགྱོགས་ཚུགས་མ་ཡིག་| लिपि विकास गरिसकेका छन् । तर विकसित नयाँ लिपि धार्मिक राजगुरुहरुको अवरोध र मूल अुचेन लिपिको भन्दा अकृतिमा अलि भिन्न रहेका कारण यी मौलिक जोयींग र जोछुमयींग लिपिहरु व्यहारिक प्रयोगमा त्यती आउन सकेको छैन् । हाल जोङखा भाषाको मौलिक

[12] राहि ई.चन्द्र, लेखन कला का इतिहास, द्वितीय खण्ड, १९८३, पृष्ठ ४०१, हेर्नुहोस् ।

ध्वनीहरुलाई आफ्नै मौलिक लेख्न प्रणालीमा लेख्ने र अन्य तिव्वती लेखन प्रणालीमा नै लेख्ने गरि आएको देखिन्छ । जो तिव्वती भन्दा थोरै भिन्न रहेको छ । भूटानको जोङखा भाषाका राष्ट्रिय दैनिक 'कुनसेल' यहि लेखन प्रणालीमा आधारित छ र पनि जोयीग र जोछुमयीग भूटानीको राष्ट्रिय जोङ्खाभाषाको मौलिक लिपिको भएका छन् । राज्यको हरेका शैक्षिक समाग्री, सूचना तथा सन्चार सबै क्षेत्रमा भुटानी लिपिकै प्रयोग गरिन्छ । (हेर्नुहोस् अनसूचि-मा हेर्नुहोस्)

१.७.५. ल्होयीग भुटीया लिपि ལྷོ་ཡིག་

भुटीया वा सीङ्सा जातिको भाषाको लिपिलाई *ल्होयीग* भनिन्छ । यो पनि अुचेन लिपिबाट विकास भएको हो । खस गरेर ल्होयीगमा *राता र-कार* संयुक्त व्यन्जन वर्ण र *याता य-कार* संयुक्त व्यन्जन वर्णमा तिव्वती लेखन प्रणालीले समेट्न नसकेका भुटीया भाषाका ध्वनीहरुलाई छुट्टै छलाग चिन्ह जोडेर आफ्नै मौलिक लेखन पद्धतीको विकास गरी लेखन तथा अध्यापन गरिन्छ । जस्तै:- भारतको सिक्किम राज्यमा प्राथमिक र माध्यामिक तहमा यो भूटीया भाषा र ल्होयीग लिपिमा अध्यापन भइरहेको छ । यो बाहेक सिक्किममा पाक्षिक पत्रिका, विधानसभाका कृयाकलापहरुको विवरण (Process ding) लगायत थुप्रै पाठ्य सामाग्रीहरु यो लिपिमा प्रकाशन भइरहेका छन् ।[13] ག ཁ ཀ ད ཐ ད པ ཕ བ མ ཀ ཐ ད ར པ ཕ བ མ आदिमा छालाग जोडेर जस्तै (བ ཕ)मौलिक रुप ल्हो यीग (भुटीया) बनेको हुन्छ यीनै वर्णहरु र् संयुक्त तथा य् वर्णको उच्चारण पनि ल्होयीगमा तिब्बती देखि भिन्न रहेका छन् । हाल यो लिपि सिक्किममा प्रयोगमा आइरहेको छ ।

१.७.६. फाग्पा यीग འཕགས་པ་ཡིག་

(१२-१४ औं शताब्दी) सन १२६० तिर मा तिब्बतका महान लामा फभ्पा द्वारा विकास गरिएको लिपि हो । चिनको तत्कालिन सम्राट कुब्लाइ खान.ले तिब्बतका महान लामा फग्पालाई आफ्नो दरबारमा बोलाएर आफूले बौद्ध धर्म ग्रहण गरे र यो लिपिलाई सन १२६९ मा राज्यको राजकिय लिपि बनाए । अुचेन लिपिबाट विकास गरिएको यो लिपि चिनीयामा जस्तो माथिबाट तल तिर र शिर्षकहरु चाहिं दाँयाबाट वायाँ नै लेखिन्थ्यो । यो लिपि १४ औं शताब्दीको मध्यसम्म चलेको थियो । तिव्वत र नेपालको पत्राचार गरिंदाको, धेरै पछिसम्म पनि यो लिपि प्रयोग भएको सामाग्रीहरु नेपालमा पनि पाइएका छन् ।

फाग यीग (फाग्पा)सन १२६० देखि १४ औं शताब्दीको मध्यसम्म

तालिका/चित्र-६

---

[13] Pema Rinzing Lama, LHO-YE-LOG-DEP, for CLASS II, 1983, DOE, Govt. of Sikkim

फाग्पा यीगमा पनि अुचेन लिपिका समानान्तर वर्ण चिन्हहरु रहेका छन् । यो लिपि हाल कतै पनि प्रयोगमा छैन । तालिका चित्र नं ५ मा हेर्नु होस्)

१.७.७. ल्हेन्ज्या यीग (१२ औं शताब्दी) :

ल्हेन्ज्या (रन्जना) १२ औं शताब्दी

तालिका/चित्र-६

विक्रमको ११रौं र १२ रौं शताब्दी तिर भारतमा गुप्त र नेपालमा लिच्छवि नामाकरण भएको प्राचीन लिपिहरुबाट नेपालमा नेवारी तथा हिमाली लिपि 'ल्हेन्ज्या'(=रन्जना) लिपको नेपालमा विकास भई प्रयोगमा आएको पाइन्छ । यो अुचेन लिपि संगसंगै नै धर्म गन्थका शिर्षक तथा स-साना मानी खोर्लो(घुमाउने चक्र) देखि छ्योर्तेन, शिलालेख आदिमा कलात्मरुपले कुदिन्थ्यो । यो लिपिमा थुप्रैको संख्यामा सुन र चाँदिका मसीले बौद्ध धर्मका धार्मिक ग्रन्थहरु लिखिएको पाईन्छ, त्यसमा खासगरी 'प्रज्ञापारमीता'[14] को स्थान महत्वपूर्ण रहेको छ । तसर्थ यस लिपिलाई हामी तामाङ् लगायत हिमाली बौद्ध मार्गिहरुले 'ल्हेन्ज्या' नामले मौलिक लिपिको रुपमा लिने गरेको पाइन्छ भने नेपालमा नेवार भाषाको आधिकारिक लिपिको रुपमा ल्हेन्ज्या अर्थात रन्जना मान्दछ । भनिन्छ यहि लिपि नेपालले आफ्नो मौलिक नेपाली लिपिको रुपमा संयुक्त राष्ट्रसंघमा प्रस्तुत गरिएको छ । नवारी भाषाको यो बाहेक कलात्मक विभिन्न प्रकारले डिक लगाएको आधारमा प्रचलित, लगायतका झण्डै आधा दर्जन भन्दा धेरै लिपिहरु छन् । नेबारी लिपिको स्वरुपमा केहि मिथिलाक्षरको प्रभाव देखिन्छ ।
(हेर्नुहोस् रन्जना लिपिको तालिका चित्र नं.६)

१.७.८. देवनागरी (११ औं शताब्दी) :

देवनागरी लिपि विशेष गरेर हिन्दूधर्मका आदरणीय र सम्मानित एवं महत्वपूर्ण ग्रन्थहरु यसै लिपिमा रहेको हुनाले पनि यो लिपिलाई 'देव' अक्षरको रुपमा सम्मान दिएको हो भन्ने गरिन्छ । किनभने यो लिपिको 'प्रत्येक वर्णका विभिन्न अधिपति बताएको छ ।'[15] यो लिपि 'इ.पूं. पाँचौं शताब्दीको ब्राम्ही नमूना'(बन्धु-२०४८:१५१)संग मेल खाने, दोश्रो शताब्दीको 'ब्राम्ही' वा 'गुप्त'(=नेपालमा पूर्व-लिच्छवि) हुँदै 'कुटिला' बाट 'शारदा'(—दशौं शताब्दी)बाट एघारौं शताब्दीमा 'देवनागरी' मा विकास भएको हो । हाल यो लिपि भारपेली भाषाहरुको प्रमुख लिपि को रुपमा, हिन्दीभाषाको(भारतीय राष्ट्रिय लिपि) र खस-नेपाली(नेपालको सरकारी कामकाजी राष्ट्रिय लिपि)को रुपमा स्थापित भएकाछन् । यहि लिपिमा भारत र नेपालका धुप्रै भाषाहरु, जसको लिखित परम्परा थिएन तिनीहरुले पनि यो लिपिलाई अपनाउन थालेका छन् । नेपालको विशिष्ट

---

[14] Ranjana Alphabet- Lipi Thapu Guthi, Yala:,NS 1115, preface page by MinBDR, Shakya

[15] हेर्नुहोस् राजवंशी शंकरमान -पेज नं २, नेपाली लिपि विकास,-२०५९, ऐऐै कैलाश हिमालय जर्नल, भोलुम-२, १९७४

एकल जाति, भाषा, लिपि र सांस्कृतिक एकाधिकार राज्य नितीको परिस्थितीले गर्दा नेपालमा आफूले सदियौं देखि चलाई आएको लिपि हुंदा हुंदै पनि, तामाङ लगायत भोटबर्मेली भाषाहरुले, हाल यहि लिपमा रम्न थालिसकेका छन् ।

१.७.९.तामयीग तामाङ लिपि:

हामीले बोलेको वा मुखबाट उच्चारण भएको आवाज अथवा मानव ध्वनीको प्रतिनीधित्व गर्ने आखाँले हेरेर ग्रहन गर्न सकिने मानव सृर्जित संकेत चिन्हहरु लिपि हो । त्यसैगरी तामाङभाषाका ध्वनीहरुलाई बुझाउने आखाँले ग्रहन गर्न सक्ने, चिन्ह, कुनै लिपिसमूह वा संकेतहरु नै **'तामयीग'** तामाङभाषाको लिपि हो । यहाँ **'ताम'** भन्नाले तामाङ समुदाय वा भाषा हो भने **'यीग'** भन्नाले तामाङध्वनीहरुको प्रतिनिधित्व गर्न सक्ने संकेत वा चिन्ह हो । अर्थात तामाङभाषाको आखाँले ग्रहन गर्न सक्ने ध्वनीरुपलाई ***तामयीग*** भनिन्छ । यो तामाङ भाषाको ध्वनीरुप प्राचीन अुचेन लिपिमा भेटिएको छ[16] ।

यो लिपिमा माथि नै उल्लेखित तामाङभाषामा लेखिएका वंशावलीहरु, उत्पत्ति इतिहास, तामाङ संस्कृतिका विधिहरु (ताम्वा काओतेन, ढामा, दोङराप, ठुङराप, केराप, रुओछेन च्योप्पो, जीक्तेन तामछ्योओ, तामाङ च्युओनीला ठीमतेन तामछ्योओ, कुक्पा खाछ्योओ आदि) सामाग्रीहरु पाइएका छन् । ती नै, प्राचीन सामाग्रीहरुमा तामाङ भाषाका ध्वनी संकेतहरु संरक्षित रहेको पाइन्छ । यी नै तामाङ भाषाका ध्वनीहरुलाई समेट्ने अुचेन लिपिका संकेत चिन्हहरुको समूह तामयीग (तामाङ लिपि) हो ।

यस्ता तामाङ भाषाका लिखित पुरानो (ताम्वा काओतेन, ढामा, दोङराप, ठुङराप, केराप, रुओछेन च्योप्पो, जीक्तेन तामछ्योओ, कुक्पा खाछ्योओ आदि) सामाग्रीहरु स-साना पुस्तीकहरुको रुपमा जो छ्योओकेओ (तामाङ जाति लगायत हीमाली जातिहरुको सझा धर्मकाशास्त्र लिपिबद्ध) अुचेन लिपिको परम्परागत तिब्बतीभाषाको लेखन प्रणालीको आधारमा(Classical Tibetan Orthographic System) लिपिबद्ध गरिएका छन् । तीनीहरुको लेखन काल उल्लेख नभएता पनि, अुचेन[17] लिपिको यो लेख्य प्रणालीले तामाङहरुले जुन वेला लामा बौद्धधर्म अपनाए

---

16 चावहिल छ्योर्तेन(चैत्यमा) रहेको आजभन्दा १६०० वर्ष अधिका अभिलेखसंग प्राचीन अुचेन लिपिसंग हुवहुनै मिल्छ ।

17 महायानी बौद्ध धर्मशास्त्र लिपिवद्ध भएको संस्कृतभाषाकृत लिपिलाई अुचेन भनिन्छ र बोलीचालीको तिब्बती भाषालाई लिपिवद्ध गर्ने लिपिलाई अुमे भन्दछन् । अुचेन लिपिमा लिपिवद्ध बौद्ध भाषा, साहित्यले तिब्वतमा सन १६४०, पाचौ दलाइ लामाको शासनकाल देखि तिब्वतमा राज्यको छत्रछायाँमा विकसित भइ सम्पूर्ण तिब्वत हिमाली आसपासको साझा र परम्परागत स्तरिय लिपि र भाषा हुन गएको छ । यो बाहेक तिब्वती स्वशासित प्रदेश भित्र अन्य चुँग्रे भिन्दा भिन्दै आफ्नै मौलिक मातृभाषाहरु पनि छन । यी अधिकांशको साझा लिपि अुचेन नै हो । नेपालमा पनि डाल्पाली, हुम्ली तामाङ, मनाङगे, लामी, शेर्पा, सीङसा, यांल्माली आदि भाषाहरुको परम्परागत र साझा मौलिक लिपि अुचेन हो । तिब्वती साहित्यमा अुचेन लिपिलाई तिब्वती लिपि भनेर उल्लेख गरेको पाईन्दैन । खसनेपाली, हिन्दी, संस्कृत लगायत भारतीय आर्य भाषाहरुको साझा र मौलिक लिपि देवनागरीलाई स्विकारेझै नेपाल, चीन, भारत, भुटान आदि राष्ट्का हिमाली तिब्बती बर्मन परिवारका झण्डै एक दर्जन भाषाहरु अुचेन लिपिलाई आफ्नो भाषाको मौलिक लिपि मान्दछन् ।

त्यहि आसपासको समय अर्थात कम्तिमा पनि हजार वर्ष भन्दा अघिदेखिनै लेखन आरम्भ भएको कुराको सहजै अनुमान लगाउन सकिन्छ । जहाँसुकैको तामाङहरुले आफ्नो धर्मशास्त्र लिपिवद्ध गरिएको यहि अुचेन लिपि या अक्षरलाई आफ्नो लिपको रुपमा गर्व गर्दछन् । यो लिपिमा लेखिएका हाम्रा धर्मग्रन्थ लगायत अन्य विशुद्ध तामाङ जातिसंग सम्वन्धि समाग्रीहरुको व्यापक र विस्तृत रुपमा अध्ययन अनुसन्धान गर्नु जरुरी छ ।

तामाङ जाति र समाजको सर्वांगिन विकासको निम्ति क्रियाशिल राष्ट्रिय तथा अन्तराष्ट्रियस्तरमा गठित तामाङसंस्थाहरुले तामाङ भाषाको आधिकारिक लिपि ***तामयीग*** लाई नै स्वीकारेका छन् । जस्लाई विश्वभरीका तामाङहरुको ***प्रथम अन्तराष्ट्रिय तामाङ सम्मेलन, (डीसेम्बर १९-२२ सन् २००१, काठमाण्डौ)*** ले समेत ***तामयीग*** लिपि तामाङ जातिको गौरव, तामाङभाषाको आधिकारीक मानक लिपिको रुपमा पहिचान गरेको छ ।[18] तर पनि यस अघि नै

(क) नेपाल तामाङ ग्हेदुङ, तेश्रो राष्ट्रिय तामाङ सम्मेलन-काठमाण्डौ नेपाल २०४९, चैत्र

(ख) २०५२ पौष १ र २ गते भारतको सिक्किममा सम्पन्न अन्तराष्ट्रिय तामाङ लिपि गोष्ठि,

(ग) अुचेन लिपिमा तामाङ भाषा आलेखन एक दिवसिय गोष्ठि, संघाराम भिक्षु तालिम केन्द्र ढल्का, चैत्र १९, २०५४

(घ) भारतको केन्द्रिय भाषा संस्थान, मैसुर, जुलाई सन १९९६,

(ङ) नेपाल तामाङ ग्हेदुङ, अखिल भारतीय तामाङ बौद्ध संघ र सिक्किम तामाङ बौद्ध संघको दुई दिवसिय कार्यशाला गोष्ठि, २०५५ जेठ २५ र २६ गते गान्तोकमा सम्पन्न,

आदि र विभिन्न संघसंस्थाद्वारा आयोजित गोष्ठि, सभा, सम्मेलन तथा अध्ययनहरु सम्पन्न भएपश्चात तामाङभाषाको ध्वनीवैज्ञानीक अध्ययनका आधारमा तामाङभाषीय ध्वनीका निम्त आवश्यक संकेतहरु (चिन्हहरु) नै मौलिक ***तामयीग*** तामाङ लिपि हो भन्ने निर्क्योल निकालेका छन् ।

तामाङ भाषा र तामयीग (तामाङ लिपि)को प्रयोग क्षेत्र :

तर विशाल प्रजातान्त्रिक मुलुक भारतको सिक्किमराज्यले भने तामाङ भाषालाई राजकिय मान्यता प्रदान गर्नुको सथै सरकारले नै तामयीग तामाङ लिपिमा "सिक्किम हेराल्ड' नाम पाक्षिक पत्रिका नियमित प्रकाशित गरिरहेको छ भने तामयीग लिपि र तामाङभाषामा कक्षा दुईसम्मको पाठ्य पुस्तक निर्माण गरि पढाई संन्चालन समेत भइरहेको छ र सिक्किम विधानसभामा दुई जना तामाङ भाषा अनुवादकको व्यवस्था तथा तामाङभाषा र लिपिमा विधानसभामा पारित प्रस्ताव तथा छलफल भएको प्रस्तावहरुको संगालो, बिवरण (Proceding)

---

[18] हेर्नुहोस *-प्रथम अन्तराष्ट्रिय तामाङ सम्मेलनबाट पारित काठमाण्डौ घोषणा-पत्र २००१*

नियमित प्रकाशन गरिरहेको छ । विडम्बना नै भन्नु पर्छ, नेपालमा भने सरकारी स्तरबाट नेपाल रेडियोमा पाँच मिनेटको समाचार, साप्ताहिक रेडियो कार्यक्रम बाहेक अन्य प्रभावकारी दिगो भाषिक विकासको कदम चालिएको छैन ।तामयीग लिपिमा प्रकाशित हुने पाक्षिक प्रथम सरकारी पत्रिका *'सिक्किम हेराल्ड'* चित्र तालिका चित्र नं. ८)

तामाङभाषा आधुनिक विकासको क्रममा नै रहेकोले तामाङभाषाको एउटा निश्चित र वैज्ञानीक मानक लेखन तर्फ अग्रसर भइरहेको छ । भरपर्दो वैज्ञानीक तामाङभाषीय व्याकरण तथा शब्दकोसको अभावले गर्दा तामाङ भाषालाई माध्यामिक तथा विश्वविद्यालय स्तरिय शिक्षामा समावेश गर्ने पुर्वाधार तयार हुन सकेको छैन । यसतर्फ सम्पूर्ण तामाङ समाज, भाषाविज्ञ, संघ, संस्था तथा तामाङभाषा सेवीहरुको ध्यान जानु जरुरी रहेको छ । तामाङ भाषाको संस्थागत विकास अध्ययन अनुसन्धान कार्यको लागि भाषा वैज्ञानीकहरुको संलग्नता गराई तामाङहरु स्वयंले पहल नगरेमा हाम्रो भाषा पनि दिनदिनै प्रयोग क्षेत्र साँघुरिंदै अन्तमा लोप हुन सक्छ ।

(तामयीग लिपिमा प्रकाशित हुने पाक्षिक प्रथम सरकारी पत्रिका *'सिक्किम हेराल्ड'* अनुसूचिमा हेर्नुहोस)

२. 'तामयीग' तामाङ-लिपिको विकास र ऐतिहासिकता बारे

कुनै पनि भाषा कति पुरानो कहिले देखि प्रयोगमा आए भन्ने कुरा पत्तालगाउन भाषाको लिखित रुप वा ध्वनीका संकेत चिन्हरुप (=लिपि)को ठूलो भूमिका हुन्छ । भाषाको पुरानो लिखित रुप र विकसित स्वरुपको तुलनात्मक ऐतिहासिक पुन:संरचनात्मक (HISTORICAL LINGUISTICS RECONSTRUCTION) अध्ययनबाट पत्ता लगाउन सकिन्छ । तसर्थ भाषाको ऐतिहासिक अध्ययन गर्न लिखित भाषाको (लिपिको) महत्वपूर्ण स्थान हुन्छ । तसर्थ तामाङ भाषाको ऐतिहासिकता, विकासको र संरक्षण संवर्द्धनका लागि पनि लिपिको खोजी, वंश र विकासबारे जान्नु आवश्यक छ । तामाङहरु आफ्नो पुर्ख्यौली, वंशावली, धर्म, संस्कारको महत्वपूर्ण ग्रन्थहरु लिपिबद्ध लिपिलाई तामाङ लिपिको रुपमा गर्व गर्दछन् र यो लिपिलाई तामाङ भाषामा *"तामयीग"*लिपि भनिन्छ । यो लिपि नेपालमा धेरै जनता र समुदायले अंगालेको नेपालकै दोश्रो ठूलो लिपि हो । यो लिपिलाई कम्प्युटर मुद्रणको हेतु ईन्टरनेटको माध्यमबाट सजिलै (sama, u-chan, Lplain आदि सर्च गरेर) प्राप्त गर्न सकिन्छ । यो लिपिमा तामाङ जातिको ऐतिहासिक ग्रन्थहरु *कुक्पा खाङ्छ्योजी, जीग्तेन ताम छ्योजी, हुजीछेन च्योज्यो*[19], *ह्रामा, दोङराप, ठुङराप, लोन्पो डुक की तेन्छ्योजी, तामाङ च्युडीला ठङुसा ब्न्सा, केराप, फाराप* आदि वंशावलीहरु आदि विषयका हस्त लिखित पुस्तिकाहरु पाइएका छन् । यी ग्रन्थहरुको भाषा, लिपि र लेख्य शैलीको अध्ययनले यो लिपिमा तामाङ भाषालाई तामाङहरुले लामा बौद्धधर्म ग्रहणकालदेखि नै लेख्न आरम्भ गरिसकेको कुरा अनुमान गर्न सकिन्छ । आधुनिक मुद्रण प्रणालीबाट

---

19 हेर्नुहोस्, तामाङ परशुराम, ताम्बा काथीतेन, २००२, पेज नं. ८१-१०९

मुद्रित प्रथम तामाङ भाषाका देवनागरी लिपिमा लेखिएको बुद्धिमान मोक्तानद्वारा लिखित *"जिक्तेन ताम छ्योंजी"* र सन्तविर पाखिनको *"ताम्बा काअीतेन क्वाअी रीमठीम"* पुस्तकहरुको मूल श्रोत समाग्रीको रुपमा यही लिपिमा लेखिएका हस्त लिखित ग्रन्थहरु नै थिए ।

उपरोक्त ग्रन्थहरु लेखिएको अुचेन लिपि 'बोद' वा 'बोदीस' भाषा परिवार अन्तरगत तिब्बती परिवारका भाषाहरुको सबै भन्दा पुरानो लिपि मानिन्छ । यो अुचेनतामयीग लिपि दोश्रो देखि चौथौ शताब्दीमा नेपालमा पूर्व-लिच्छिवि लिपि र भारतमा गुप्त अर्थात उत्तरी-ब्राम्हीका नामले चिनिने प्राचीन लिपिबाट विकास गरिएको लिपि हो । दोश्रो शताब्दीको 'पूर्व-लिच्छवि' अथवा 'उत्तरी-ब्राम्ही' लिपिको नमुनासंग अुचेनतामयीग लिपिको उ ढ ६ ७ ५ ढ ५ च ष र ष्व श्व श्व ५ आदि अक्षरको दुरुस्तै मिल्दछ । यही अुचेन लिपि छैठौशताब्दीको अन्ततिर र सातौं शताब्दीमा व्यापक र विस्तृत रुपमा प्रयोग भएको थियो । नेपालमा यही पूर्व तथा उत्तर-लिच्छिवि लिपि 'पशुपतिकोबज्रघरको अभिलेख'मा र 'अंशुवर्माको बुगमतिका अभिलेख' पाइएका थिए, जुन अुचेन लिपिको प्राचीन नमुनासंग मिल्दोजुल्दो छ ।[20]

तामयीग लिपिको सम्बन्ध अुचेनसंग र अुचेनको सम्वन्ध 'पूर्व-लिच्छवि' लिपि(नेपाल) र 'उत्तरी-ब्राम्ही' (कुषाणवंशीय राजा कनिष्कको अभिलेखबाट प्राप्त[21]) दोश्रो शताब्दीको नमुनासंग र चौथो शताब्दीको चन्द्रगुप्त कालिन 'गुप्त' लिपिको नमुनासंग निकट रहेको पाइन्छ । किन यसो भयो त ? भन्ने बुझ्न इ.पू. दोश्रो शताब्दीतिरका इतिहास तथा लेखनकलाका बारेमा बुझ्न जरुरी हुन्छ । किनभने कुषाण(कुइसांग/कुन्जाङ)काल, गुप्तकाल र कुटीला हर्षवर्धनकालका लिपिका चिन्हहरु अुचेनतामयीग लिपिका चिन्हहरुसंग धेरै मेल खान्छ । यसले 'अुचेनतामयीग' लिपिको क्रमबद्ध ऐतिहासिक विकासलाई पुष्टि गर्दछ । **अझ भर्खरै समाजशास्त्री, तामाङ विद्वान मुक्त सिंह तामाङज्यूलै आफ्नौ अनुसन्धानको क्रममा प्राप्त गर्नु भएको हस्त लिखित उचेन(तामयीग) लिपिमा लिखिएको तामाङ साहित्यका ग्रन्थ "जीक्तेन् ताम ल्हाछ्योअी म्हीछ्योअी" मा स्वर्गवास भएका राजा अंशुवर्मा, मन्त्री नरेन्द्र देव र भारतको हर्षवर्दन, तिब्बतको स्रङचाङ गाम्पोका बारेमा उल्लेख भएका पाइनुले तामाङ साहित्य र साहित्यको लेखन काल पहिल्याउन ससजिलो भएको छ । यो तामाङ साहित्यको लिखित दस्तावेजले तामाङ साहित्यको लेखन र लिपिको इतिहासको ऐतिहासिक प्रमाणिकतालाई आँक्ने हरुका निम्ति चुनौति दिएकोछ र तामाङ जाति र तामाङभाषीहरुका निम्ति गौरब । अझ विद्वान मुक्त सिं ज्युका अनुसार हालसम्म भएको तिब्बतका तिब्बती भाषाको अध्ययन**

---

[20] हेर्नुहोस् -राजवंशी-पेज-४१को पूर्व लिच्छिवि लिपिको आभिरीको अभिलेख, पेज ४३ बुगमतिको अंशुबर्माको अभिलेख र पेज ४५ पशुपति वज्रघरको अभिलेख । प्राचीन अुचेनसंग हुबहु मेल खान्छ ।

[21] तुलना गरेर हेर्नुहोस्, राही, प्रथम खण्ड पेज नं.११३ र -१२१ र राजवंशी-२०५९ पेज नं.३७-४५को लिपिको नमूना

कर्ताहरूले तामाङ गाउँहरूमा भेटिएको यस्ता ग्रन्थहरू[22] वास्तवमा तिब्बती भाषा र तिब्बती साहित्यमा उल्लेख र समावेस भएको पाईन्दैन र छैन। यो मात्र होइन यस्ता ग्रन्थहरू अरू पनि थुप्रै पाइन्छन् मात्र हामीमा खोजी, अध्ययन अनुसन्धानमा तल्लीन अन्वेषकहरूको कमी र अभाव छ।

भारत, मगधका राजा ई.पू.१९७ तिरको बिम्बसार, ई.पू. २६९-१३२ का चक्रवती सम्राट अशोक बौद्ध भएका थिए । राजा आशोकले भारतकै प्रथम शिलालेख, शिला स्तम्भ आदिको स्थापना गर्दै बौद्ध धर्मको प्रचार प्रसार एवं विकासमा योगदान पुऱ्याएका कुरा उनले स्थापना गरेका प्राचीन ऐतिहासिक अभिलेखहरुले नै प्रमाणीत गरेका छन्, यदि राजा अशोकले आफ्नो जिबनलाई बौद्ध मार्गि भएर परिवर्तित नगरेको भए साहेद आज ब्राम्ही लिपिको नमुनाहरु देख्न पाउने थिएन ।

त्यसैगरी मौर्य वंशको अन्तपछि पुनः बौद्ध मार्गि शुङ्ग वंशको सुरु भयो । त्यसपछि दक्षिण-पश्चिम चीनका शील जातिले शकद्वीपमा इ.पुं ११५ मा राज्य स्थापना गर्नुको साथै मगध आफ्नो हात पारे, त्यसरी नै इ.पू.१६५ मा चीनको फ्रान्सु प्रदेशका युचीहरु जो हुणहरुसंगको लडाइमा परास्त भइ पलाएन भएका युचीहरुले शकद्वीपका शकवंश (शीलजाति)बाट सत्ता हातपारे । 'युचीहरुले पाँचवटा कुल मान्दथ्यो जसमध्ये एउटाको नाम कुइसाङ्ग अथवा कुषाण' थियो (राही, १९८३:७८)। यो वंशको सबैभन्दा प्रतापी राजा कनिष्क ई.सा.७८-१०२ थियो, यिनकले पेशावर र मथुरामा राजाधानी स्थापना गरेका कुरा इतिहासमा पाइन्छ । ई.स.१७५ मा कुइशाङ वंशको अन्त भयो विशाल साम्राज्य स-साना राज्यहरुमा छिन्नभिन्न भए । यी कुइसाङ वा कुनजाङहरु पनि बौद्ध नै थिए । कनिष्कको मथुरामा भेटिएको अभिलेख लाई उत्तरी-ब्राम्ही लिपि भनिएको छ। यसको नमुनासंग पनि अुचेनतामयीगका प्राचीन रुप मिल्दछ ।

त्यसपछि ई.२७५ देखि गुप्तकालको आरम्भ भयो । यो अवधिको 'उत्तरी-ब्राम्ही' लिपिलाई चौथो शताब्दी मानिएको छ । किनभने इ.५७० मा अन्तिम गुप्त वंशका बिष्णु गुप्तको पतन भएको थियो । लिपिको अध्ययन गर्दा गुप्तकाल वा गुप्त लिपिको नामले प्रशिद्ध भएका छन् । यीनीहरु हिन्दूमतवाला थिए । गुप्तकालपछि कन्नोजमा बौद्ध धर्मका अर्का अनुयायी हर्षबर्धन (ई.६०६-६४६) राजा भए र यीनको पनि राज्य विशाल थियो । यिनको राज्य कालको अभिलेखमा प्रयोग भएको लिपिलाई 'कुटील' लिपिका नामले प्रशिद्ध छ । जो नेपालका नेपाल उत्पत्ति ?, नेबार लिपिहरुको जननी मानिन्छ । अुचेन तामयीगसंग पनि निकट रहेको पाईन्छ ।

---

[22] जीक्येन तामछयोओी, ताम्च्या ताम, जीक्येनकी ताम म्ही छयोओी ल्हाछयोओी, ह्मामा आदि "तामयीग" तामाङ लामा लिपिमा लेखिएका ग्रन्थहरू जो तामाङ वस्तीहरूमा भेटिन्छन्।

यसप्रकार अुचेनतामर्यीगका वंशलाई केलाएर हेर्दा इ.पु. दोश्रौं शताब्दी देखिनै यो लिपि बौद्ध अनुयायीहरुको पेवा सरहनै प्रयोग भइ आएको देखिन्छ । बोद(तिब्वत)मा थुन्मी सम्वोडाले संस्कृत, पाली तथा प्राकृत भाषावाट बौद्धधर्मका ग्रन्थहरु अनुवाद गर्न भारतमा अध्ययन गर्न आउनु अगावै 'व्राम्ही', 'गुप्त', 'कुटील' आदि नाम दिइएका लिपिहरु राजा अशोक, र विभन्न समयमा भारतीय उपमहाद्विप विजय गर्ने सम्राटहरुले आफूले जाहाँ विजय गरे त्यहाँ-त्यहाँ फैलाएको देखिन्छ । अर्को महत्वपूर्ण तथ्य यो क्षेत्रमा जति पनि राजाहरु प्रतापी र चक्रवर्ती भए अधिकत्तरले वौद्ध धर्म अपनाएका थिए । त्यो समयमा हाम्रो वरिपरि पनि 'स्राङचाङगम्पो' तिब्बतमा, चीनमा तांगवंश ?, नेपालमा नरेन्द्रदेव प्रथम, भारतको मगधका चक्रवर्ति सम्राट हर्षवर्धन् आदि सबै बौद्ध धर्मका विश्वशीहरु थिए । त्यसैकारण, तिब्बतमा पनि प्रत्यक्षवा परोक्ष रुपमा बौद्ध धर्मको बृद्धि हुनु र बिकास हुनुमा अधिक प्रभाव दक्षिणतिरकै देखिन्छ । त्यतिमात्रै होइन राजा स्राङचाङगाम्पोले आफ्नो मन्त्री थुन्मी सम्वोडालाई भारतमा पठाएर भारतीय उपमहादेशमा चलेका भाषा र लिपिका आधारमा आफ्नो देशिय भाषाको परिष्कृत गर्नुको साथै पाँच हजाभन्दा बढी संख्यामा पाली, प्राकृत तथा संस्कृतभाषामा भएका धार्मिक तथा अनेकन साहित्यको अनुवाद गराएका थिए । जसले बहुलसंख्यामा रहेका हामी तामाङहरुमा यसको प्रभाव परेको थियो । जसको प्रत्यक्ष वा अप्रत्यक्ष आज हामी तामाङहरुले पनि आफ्नो ऐतिहासिक मौखिक वर्णनहरुमा होस् या लिखित बौद्ध साहित्यमा थुप्रै कथनहरु सुन्त पाएका छन्, यी लिपि विकासका पदलाई पछ्याउँदा नेपालमा नभए पनि भारतमा संरक्षित इतिहासले[23] आज आफ्नो धर्म र भाषालिपिको प्राचीनता र ऐतिहासिकता प्रति गर्व गर्ने अवसर पाएका छन् । प्राचीन लिपिहरु दक्षिणतिरबाट आएको भएतापनि त्यसमा उत्तर पशिचम चीनबाट गएका शाशकहरुको नै योगदान रहेको पाईन्छ । यसबाट भारतीय लिपि बौद्ध धर्मका कारण जिवीत र व्यापक प्रचार र आपसम्म प्राप्त हुन सम्भव भएको देखिन्छ । बौद्ध तथा जैन धर्मको ग्रन्थहरुमा अझै थुप्रै लिपिहरुको नाम उल्लेख भएको पाईन्छ, जसमा चौथो शताब्दीको ललितविस्तारलाई लिन सकिन्छ जसमा ६४ वटा लिपिहरुको नाम उल्लेख छ ।

यसप्रकार संसार मानव सभ्याताको विकाससंगै आफ्नो क्षेत्रको भाषा, साहित्य, लिपिको बिकास वंशानुगत रुपमा विकास भएर आएको विकासक्रम पाईन्छ तर हामीसंग उपलब्ध सामाग्रीहरुको सकरात्मक सुक्ष्म विश्लेषण गर्न सकिएको खण्डमा तामाङ भाषा, लिपि, इतिहास, संस्कृतिका विकास धेरै वर्ष अगाडी भएर आएका छन भन्ने बारे अझ धेरै अनुसन्धानहरु हुने सक्ने प्रशस्त सम्भावना रहेकोछ ।

---

[23] प्रचीन भारतीय इतिहासमा वर्णित आशोक काल, कुइजाङ वा कुनसाङ वा कुषणकाल, गुप्ता काल, आदिको विहत्तर राज्यक्षेत्रहरु, जो ताम्वा कार्थातेन वा जीक्तेन तामछ्योर्थीमा तामाङका पुर्खाहरु पुगेका कुरा वर्णन गरिएको पाईन्छ तिनै कामरुपलिङ, देखि उर्गेनलिङ, सामदेनलिङ, वेतालीङ आदिलाई पनि समेटेको पाईन्छ ।

यहाँ पूर्व-लिच्छवि वा उत्तर ब्राम्हीबाट अुचेन-लिपि र यसबाट विकास गरिएका *तामयीग* तामाङ लिपि, ल्होयीग(भुटीया), जोयीग र जोछुम यीग, पसेपा, रन्जना आदि लिपिहरुका बारेमा संक्षिप्तमा चर्चा गरिनेछ । रोङ लिपि र किरात लिपिका बारेमा भने अझै खोज गर्नु पर्ने भएको छ किन भने यी लिपिहरुको विकासक्रम लिपिको नमुना कहाँबाट कुन लिपिबाट आएको हो भन्ने निर्क्योल आजसम्म निस्केको छैन र यी लिपिहरुको जन्म 'अुचेन' लिपिको पूर्ण विकास र व्यवहारिक प्रयोग र भइसकेपछि मात्र भएको देखिन्छ । तसर्थ यो अध्ययन नेपालको हिमाली भाषाहरुसंग सरोकार रहेको 'अुचेन' सम्वद्ध विकासभएको लिपिहरुमा केन्द्रीत रहेको छ । तिनीहरुको वंश विकासको तालिका/चित्र नं. १ मा दिइएको छ ।

अजितमान तामाङ
विद्यार्थी, केन्द्रीय भाषाविज्ञान विभाग
त्रिभूवन विश्व विद्यालय, केन्द्रीय क्याम्पस, किर्तिपुर, काठमाण्डौ

सन्दर्भ सूचि :

-BELL CHARLES ALFRED: MANUAL OF COLLOQUIAL TIBETAN, S.II, VOL; 15, RATNA PUSTAK BHANDAR, KTM NEPAL, 1978
-THONDEN LOSANG: MODERN TIBETAN LANGUAGE, VOL; I&II, LIBRARY OF TIBETAN WORKSAND ARCHIVES, 1980
-Oldfield H. AMBROSE: SKETCHES FROM NEPAL, COSMO PUBLICATIONS, DELHI ^ INDIA, Reprinted 1974
Hofer, Andras : Tamang Ritual, Tex 1Eranz Steiner Wiesbaden-1981
-LAMA, PEMA RINZING : LHO-YE-LOG-DEP, for CLASS II, 1983, DOE, Govt. of Sikkim.
Rajbanshi Shankarman : The Evolution of Devenagari Script, Kailash. A Journal of Himalayan Studies Vol;II; No: 1&2; 1974
- राहि इश्वर चन्द्र : लेखन कला का इतिहास, भाग १ र २, उत्तर प्रदेश हिन्दी संस्थान, १९८३
-बन्धु चुडामणि :भाषा विज्ञान, साझा प्रकाशन-२०४८
-तामाङ रमेशकुमार : 'तामाङभाषा र लिपि', (पेज ३१-३७)छारम्हेन्दो वर्ष:३,अंक: १४ नेपाल तामाङ ग्हेदुङ., काठमाण्डौ-दिसेम्वर, १९९३
-तामाङ परशुराम : तामाङजाती, नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, काठमाण्डौ, २०५१
-नेपाल तामाङ ग्हेदुङ : 'तामाङ त्रैमासिक, वर्ष:२, अंक:४, २०५०
-तामाङ रमेशकुमार : 'तामाङभाषा र लिपि', (पेज ३१-३७)छारम्हेन्दो वर्ष:३,अंक: १४ नेपाल तामाङ ग्हेदुङ., काठमाण्डौ-दिसेम्वर, १९९३
योन्जन अमृत :'तामाङभाषामा मानक लेखन किन र कसरी ?, स्योम्हेन्दो, वर्ष: ७, अंक ३, पूर्णाङ्क : १७, जुलाई, १९९४,
-तामाङ परशुराम : तामाङजाती, नेपाल राजकिय प्रज्ञा प्रतिष्ठान, काठमाण्डौ, २०५१
-तामाङ अजितमान : 'तामाङ शब्द र भाषा परिवार' पेज नं.१९-२१, छारम्हेन्दा, वर्ष-४, अंक १८, नेपाल तामाङ ग्हेदुङ, २०५२,
तामाङ मुक्त सिंह: "जीतेन तामछ्योओी ल्हाछ्योओी म्हीछ्योओी" विश्लेषक तथा संकलक-२००५,
-तामाङ अजितमान :तामाङ ग्योत थेन छेयीग(तामाङ भाषा र लिपि), नेपाल तामाङग्हेदुङको तर्फबाट अन्तराष्ट्रिय तामाङभाषा र लिपि गोष्ठि, गान्तोक, सिक्किममा प्रस्तुत कार्यपत्र, पुस्तीका)-२०५२

अनुसूचि-१

[illegible]	[illegible]		[illegible]	[illegible]		[illegible]	[illegible]	
[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]	[illegible]
ཀ ka	[illegible]	[illegible]	ཅ ca	[illegible]	[illegible]	ཏ ta	[illegible]	[illegible]
ཁ kha	[illegible]	[illegible]	ཆ cha	[illegible]	[illegible]	ཐ tha	[illegible]	[illegible]
ག ga	[illegible]	[illegible]	ཇ ja	[illegible]	[illegible]	ད da	[illegible]	[illegible]
ང nga	[illegible]	[illegible]	ཉ nya	[illegible]	[illegible]	ན na	[illegible]	[illegible]
པ pa	[illegible]	[illegible]	ཙ tsa	[illegible]	[illegible]	ཟ za	[illegible]	[illegible]
ཕ pha	[illegible]	[illegible]	ཚ tsha	[illegible]	[illegible]	འ ha	[illegible]	[illegible]
བ ba	[illegible]	[illegible]	ཛ dza	[illegible]	[illegible]	ཡ ya	[illegible]	[illegible]
མ ma	[illegible]	[illegible]	ཞ zha	[illegible]	[illegible]	ར ra	[illegible]	[illegible]
ལ la	[illegible]	[illegible]	ཧ ha	[illegible]	[illegible]	[illegible]		
ཤ sha	[illegible]	[illegible]	ཨ a	[illegible]	[illegible]			
ས sa	[illegible]	[illegible]						



तामाङभाषा र तामयीग तामाङ लिपिका प्रकाशनहरू

छार ग्याम

तामाङ लिपि विशेषांक

भारत सिक्किम राज्य सरकार द्वारा पाक्षिक रूपमा प्रकाशित गरेको तामाङ तामयीग लिपिमा

སིཀྐིམ་ཧེ་རལ་ད

Regd. No. WB/SKM/1/2000

(Tamang Language)

Vol. 5 (Thursday) 8th September, 2005 Issue no. 16

RELEASE OF
FIRST PUBLICATION OF THE JOURNAL
[illegible]
ON 8TH SEPTEMBER 2005 AT CHINTAN BHAWAN
BY DR. P. CHAMLING, CHIEF MINISTER OF SIKKIM



परिचय

नामः अजितमान तामाङ

शिक्षाः स्नातक इतिहास, त्रि. वि. नेपाल,

हाल अध्ययनरतः स्नातकोत्तर भाषाविज्ञान दोश्रो वर्ष, पोष्टग्राजुयट बौद्ध अध्ययन, त्रि.वि.वि. किर्तिपुर, नेपाल

भाषागत शीपः१.तामाङनेपाली, २.नेवारी ३.खसनेपाली, ४. हिन्दीभारतीय, ५. अंग्रेजि, ६.बेसिक चाइनिज आदि।

सम्पादक तथा प्रकाशकः

२."जाम्बुलीङ साप्ताहिक"(तामाङभाषा, तामयीग लिपिमा र खसभाषामा)

२,"कोनडोङडोङ" तामाङभाषामा लिफ्लेट,

प्रकाशित पुस्तक, लेख-रचना तथा क्यालेण्डरहरु

१ "ङ्याङलाकाइरनरी" तामाङभाषाको कविता संग्रह-सन् १९९२,

२ "साङ्ग्ये ङ्याङला ग्याम" तामाङभाषामा संक्षिप्त बुध्द जीवनी-सन १९९३,

३ "बरु म्हुल्सा" तामाङभाषाको कथा संग्रह-सन्१९९४,

४ Basic word book for Tamang language-1994,

५ "जोमक्लाङ, ओमक्लाङ, कोच्चाक्लाङ"(तामाङ गाउँखाने कथा संग्रह)-सन१९९५,

६, "तामाङ ताम्पे"(तामाङभाषाको उखानटुक्का संग्रह)-सन१९९५,

७ "तामाङ ग्योत थेन छ्ये/यीग"-सन १९९५,

८ "तामाङभाषाको लिपिको पहिचान र आलेखन प्रणाली"-सन१९९७,

९ "तामयीग तामाङ लिपि-सन १९९८,

१० तामाङ क्यालेन्डर वि.स.२०५०-२०५५, २०६०, २०६१ आदि

११ "तामाङ जातिका मौखिक इतिहासका अवशेषहरु"सन २००२,२००३, २००६

१२ "तामाङभाषाको डकुमेन्ट्रि" प्रथम अन्तराष्ट्रिय तामाङ सम्मेलन-सन२००२,

१३ "ल्होछार"वा"लोसार"को इतिहास-सन २००३, २००४, २००५ र २००६

१४ तामाङ गोञीला(तामाङ भेषभुषाको परिचय)-सन २००६

१५ "तामयीग" तामाङलिपिको इतिहास -सन २००६

१६. नेपाल तथा भारतको विभिन्न पत्र-पत्रिकाहरुमा तामाङ संस्कृति, चाडपर्व, इतिहास, भाषा, लिपिका बारेमा अनुसन्धात्मक लेख रचनादी प्रकाशित आदि।

पत्राचारः

tamang.ajitman@gmail.com

मुद्रणः सरस्वती प्रिन्टिङ प्रेस, अनामनगर, काठ्माण्डौ, नेपाल